मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडा भेट्रान्स फुटबल फागुन तेस्रो साताबाट

हेटौंडा, १ फागुन/मकवानपुरको हेटौंडामा नवौं राष्ट्रिय हेटौंडा भेट्रान्स कप एट ए साइड फुटबल प्रतियोगिता हुने भएको छ । आयोजक हेटौंडा भेट्रान्स क्लबले मंगलबार पत्रकार सम्मेलन गरी प्रतियोगिताको जानकारी दिएको हो । भेट्रान्स कप रनिङशिल्ड फुटबल प्रतियोगिता आगामी फागुन २२ गतेबाट हेटौंडा-४ स्थित हुप्रचौर खेल मैदानमा हुने आयोजकले जनाएको छ । प्रतियोगिताको विजेता टोलीले १ लाख ११ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्नेछन् भने उपविजेताले ५५ हजार ५ सय ५५ रुपैयाँ प्राप्त गर्ने आयोजकले जनाएको छ । प्रतियोगितामा २२ वटा क्लबले सहभागिता जनाएका छन् ।

४५ वर्ष पूरा भएका खेलाडीले सहभागिता जनाउन पाउने समूहमा २ जना खेलाडी भने ५० वर्ष माथिको हुनुपर्ने खेल संयोजक प्रशान्त पाख्रिनले जनाकारी दिए । प्रतियोगिताको आठौं संस्करणको उपाधी एवीसी भेट्रान्स क्लब पोखराले जितेको थियो ।

हेटौंडा उपमहानगरको स्थापना दिवस

## कपडा उद्योग पुन:सचालनमा कृषिमन्त्री भुषालको जोड

साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/कृषि तथा पशुपन्छी विकास मन्त्री डा.बेदुराम भुषालले हेटौंडाको कपडा उद्योग पुन:सञ्चाल गर्न नसक्नु दु:खद् रहेको बताएका छन् ।

हेटौंडा उपमहानगर पालिकाको ५५ औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री भुषालले इतिहास बोकेको हेटौंडाको कपडा उद्योग सञ्चालनमा सरकारले पटकपटक प्रयास गरेपनि असफल भएको बताए । देश विकासको प्रमुख आधार नै कृषि र पशुपालन भएको मन्त्री भुषालले बताए । रोजगारीको सृजना र उत्पादन बृद्धिको लागि तीनवटै तहको सरकारबीच सहकार्य र समन्वय हुनुपर्ने उनको भनाई थियो ।

मन्त्री भुषालले मित्रराष्ट्र चीनसँग भैंसीको मासु निर्यात गर्न सहमति कार्यान्वयन आएपछि भैंसीपालन क्षेत्रमा सकारात्मक प्रभाव पर्ने बताए । मन्त्री भुषालले नेपाल जस्तो राष्ट्रले औद्योगिक क्षेत्रमा प्रतिस्पर्धा गर्न नसक्ने बताए । मन्त्री भुषालले कृषिक्षेत्रमा नेपालले कसैसँग पनि प्रतिस्पर्धा गर्न नपर्ने जिकिर गरे । उनले हेटौंडा उपमहानगर मुलुकको विकास गर्ने पालिकामध्ये एक रहेको बताउँदै आगामी निर्वाचनमा हेटौंडा उपमनगर पालिकाबाट महानगरपालिकामा परिणत होस् भन्दै सुभकामना दिए ।



स्थापना दिवसका अवसरमा बिभिन्न सम्मान तथा प्रगति पुस्तिकाको बिमोचन सहित कार्यक्रम गरिएको छ । उपमहानगरक्षेत्र भित्र रहेर बिभिन्न क्षेत्रमा योगदान पुऱ्याएको व्यक्ति, सस्थालाई सम्मान गरिएको हो ।

हेटौंडा उपमहानगर पालिका नगरप्रमुख मीनाकुमारी लामाले उपमहानगरले समानुपातिका विकासमा जोड दिएको बताइन् । उपमहानगरले ५५ औं स्थापाना दिवस पारेर उत्कृष्ठ कृषक, उद्यमी, खेलाडी, करदाता, शिक्षक, पत्रकार, कलाकार, कर्मचारी, सामाजिक संघसस्था, स्वास्थ्य स्वयमसेवीका, टोलविकास संस्था, बालसमूह र जग्गादातालाई सम्मान गरेको हो ।

स्थापना दिवसका अवसरमा बिभिन्न बिधामा कर्मचारीलाई सम्मान गरिएको छ । उपमहानगर पालिकाले पत्रकार सुनिता विष्ट, निशा गुरुङ, अमृत चिमरिया, गणेश दुलाल र भावना रिजाललाई छापा तथा विद्युतीय माध्यममा उपमहानगरका समाचारलाई प्राथमिकता दिएकोले सम्मान गरिएको हो ।

कार्यक्रममा उपमहानगर पालिकाका उपप्रमुख राजेश बानियाँ, प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई, नेपाली कांग्रेस मकवाानपुरका सभापति बुद्ध लामा, नेकपा एमाले मकवानपुरका उपसचिव सीता विष्ट, नेकपा माओवादी केन्द्रका सागर बानियाँ, नेकपा एकीकृत समाजवादी अध्यक्ष विष्णुप्रसाद दाहाल, जनता समाजवादी पार्टीका सोमबहादुर घलान, नगरस्तरीय बालसञ्जाल सचिव प्रकृति भण्डारीलगायतले बोलेका थिए ।

## मनहरीमा मिटरब्याज पीडित र स्थानीयबीच झडप, २१ घाइते



साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ काठमाडौं जान पैदल हिँडेका २०० जना मिटरब्याज पीडित समूहसँग मकवानपुरको पश्चिमीक्षेत्र मनहरी गाउँपालिकामा स्थानीयको झडप भएको छ ।

सिरहा, सप्तरीलगायतका जिल्लाबाट पैदल आएका ठूलो संख्याका मिटरब्याज पीडित र मनहरी-८, स्थित सिम्पानीमा स्थानीयबीच आज मंगलबार साँझ सडकक्षेत्रमै झडप भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । झडपमा परी २१ जना घाइते भएको र घाइते पक्षको पहिचान भइनसकेको मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । घाइते धेरै मिटरब्याज पीडित पक्षका छन् भने केही घाइते स्थानीय पनि रहेको इलाका प्रहरी कार्यालय मनहरीले जनाएको छ ।

घाइतेहरुको मनहरी अस्पतालमा प्राथमिक उपचारपछि मंगलबार साँझ थप उपचारका लागि चितवनस्थित भरतपुर अस्पताल रिफर गरिएको इप्रका मनहरीले जनाएको छ । साँझ पूर्व-पश्चिम राजमार्गअन्तर्गत् सिम्पानीमा तेल टंयाकरले ओभरटेक गर्न खोज्दा चालकसँग मिटरब्याज पीडितको विवाद भएको थियो । चालकमाथि पीडितपक्ष आक्रोशित बनेपछि सिम्पानीका स्थानीयले चालकको पक्षमा प्रतिवाद गर्न खोज्दा झडप भएको डिएसपी भण्डारीले जानकारी दिए ।

मिटरब्याजको समस्या समाधान नभएको भन्दै पीडितले १६ माघमा पूर्वको कांकडभिट्टा र पश्चिमको कञ्चनपुरबाट न्याय मार्च थालेका थिए । कांकडभिट्टाबाट पैदल हिँडेर आएको मिटरब्याज पीडितको समूह साँझ मनहरी पुगेको थियो । मिटरब्याज तथा ठगीविरुद्ध किसान संघर्ष समितिका संयोजक अवधेश कुशवाहले गाडी राखेर बाटो अवरोध गरेपछि विवाद सुरु भएको दाबी गरेका छन् ।

## मैत्रीपूर्ण खेलसँगै एकेडेमीमा क्रिकेटमैदान उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ हेटौंडा उपमहानगरपालिका-११, स्थित २५ वर्ष पुरानो शैक्षिक संस्था हेटौंडा एकेडेमीले क्रिकेटमैदान निर्माण गरेको छ । मैदान उद्घाटनसँगै मैत्रीपूर्ण खेलबाट पहिलो माधवराज सुमार्गी स्मृति क्रिकेट प्रतियोगिता सञ्चालन गरिएको छ ।

क्रिकेट मैदानविहीन प्रदेश राजधानीलाई हेटौंडा एकेडेमीले मैदान तयार गरेर क्रिकेट खेलाडी उत्पादनमा सघाउ पुऱ्याएको छ । हेटौंडामा खुलामैदानको रुपमा रहेको हुप्राचौरलाई नै वैकल्पिक क्रिकेट मैदानको रुपमा प्रतियोगिता आयोजना र खेलाडी अभ्यास गर्दै आइरहेका थिए । अब भने क्रिकेट प्रतियोगिताका लागि छुट्टै मैदानको अभाव नहुने भएको छ । हेटौंडा एकेडेमीले नवलपुरमा बनाएको क्रिकेटमैदानको मंगलबार उद्घाटन गरिएको छ ।

जिल्लाको अण्डर-१६ क्रिकेट टिमसँग हेटौंडा एकेडेमीले मैत्रीपूर्ण खेल खेल्दै मैदानको उद्घाटन गरिएको एकेडेमीका क्रिकेट संयोजक रविन पौडेलले जानकारी दिए ।




मैत्रीपूर्ण खेलको अवलोकनसँगै मैदान उद्घाटनमा अण्डर-१९ राष्ट्रिय टिमका प्रशिक्षक जगत टमाटा, पूर्वराष्ट्रिय क्रिकेटर शरद भेषवाकर, नेपाल क्रिकेट संघका सदस्य तथा क्रिकेट संघ मकवानपुरका अध्यक्ष करण क्षेत्री, क्रिकेट संघ बागमती प्रदेशका निर्देशक अनिल अधिकारी, क्रिकेट संघ बागमतीका सदस्य सञ्जोग पोखरेललगायतको आतिथ्यता थियो ।

मैत्रीपूर्ण खेलमा हेटौंडा एकेडेमीले जिल्लाको अण्डर-१६ क्रिकेट टिमलाई १४ रनले पराजित गरेको छ । ३८ रन बनाएका एकेडेमीका दक्ष चौधरी खेलको म्याद अफ द म्याच चुनिए । एकेडेमीका सञ्चालक अरुणराज सुमार्गीको अध्यक्षता तथा प्रशिक्षक टमाटाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा सञ्चालक सुमार्गीले जिल्लालाई क्रिकेटमा सबल बनाउन आफूले मैदान निर्माण गरेको बताए । यही क्रिकेट मैदानबाट जिल्लामा उत्कृष्ट खेलाडी उत्पादन गर्ने लक्ष्य राखेको सुमार्गीले विश्वास दिलाए ।

सुमार्गीले निर्माणाधीन क्रिकेटमैदानलाई रंगशालाको रुपमा विकास गर्ने लक्ष्य रहेको जानकारी दिए । उनका अनुसार क्रिकेटमैदान डेढ करोडको निजी खर्चबाट निर्माण गरिएको छ । सुमार्गीले मैदान निर्माणका लागि करिब ७ वर्ष अगाडि जग्गा खरिद गरी सम्याएका थिए । क्रिकेटमैदानमा जिल्लाका सबै खेलाडी तथा प्रतियोगिताका लागि खुला रहेको र आवश्यक सहयोग पनि गर्न तयार भएको सुमार्गीले उल्लेख गरे । सुमार्गीले क्रिकेट संघबाट हरेक वर्ष हुँदै आएको स्वर्गीय माधवराज सुमार्गी स्मृति क्रिकेट प्रतियोगिताको लागि सहयोग गर्दै आइरहेका छन् ।

## बागमती गोल्डकपमा मच्छिन्द्रको विजयी सुरुवात

साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ मकवानपुरको बागमती गाउँपालिकामा मंगलबारबाट सुरु छैठौं बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगितामा मच्छिन्द्र क्लबले विजयी सुरुवात गरेको छ ।

बागमती गाउँपालिका फापरबारीस्थित जनता माविको खेलमैदानमा भएको उद्घाटन खेलमा मच्छिन्द्रले राइटलेन बागमती क्लब सर्लाहीलाई ५-२ गोल अन्तरले हराएको हो । मच्छिन्द्रले खेलको पहिलो हाफमा २ र दोस्रो हाफमा ३ गोल गऱ्यो । यसैगरी बागमतीले खेलको दोस्रो हाफमा २ सान्त्वना गोल गरेको थियो । खेलको म्यान अफ दि म्याच मच्छिन्द्रका विमल घर्तीमगर घोषित हुँदै १० हजार हात पारे ।

प्रतियोगिताअन्तर्गत बुधबार आयोजक बागमती खेलकुद विकास समिति र हिमालयन शेर्पा क्लबबीच खेल हुनेछ । खेलकुद विकास समिति बागमतीको आयोजनामा संचालन भएको प्रतियोगिताको बागमती गाउँपालिका मुख्य प्रायोजक रहेको छ । प्रतियोगितामा ७ वटा 'ए' डिभिजन र तीनवटा मोफसलका गरी १० टिमको सहभागिता जनाएको बागमती गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष टीकालाल श्रेष्ठले जानकारी दिए ।

जावलाखेल युथ क्लव ललितपुर, बागमती युथ क्लब सर्लाही, मच्छिन्द्र फुटबल क्लब काठमाडौं, नव जनजागृति क्लव सिमरा, एनआरटी फुटबल क्लव काठमाडौं समूह 'क' मा रहेका छन् । यस्तै नेपाल आर्मीको त्रिभुवन क्लब काठमाडौं, हिमालयन शेर्पा क्लब काठमाडौं, आयोजक बागमती खेलकुद विकास समिति, शसस्त्र प्रहरीको एपिएफ फुटबल क्लब काठमाडौं, चर्च ब्वाईज युनाईटेड क्लव काठमाडौं समूह 'ख' मा छन् । फागुन १० गतेसम्म संचालन हुने प्रतियोगिताको विजेता टिमले नगद १० लाख रुपैयाँ तथा उपविजेताले नगद ५ लाख रुपैयाँ प्राप्त गर्ने आयोजकले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

अन्तरराष्ट्रिय सम्मेलन:
नवप्रवर्तन र उद्यमशीलताको प्रवर्धनको लागि क्षमता विकास
मिति: फागुन ५ र ६ | स्थान: एभोकाडो एण्ड अर्किड रिसोर्ट, हेटौंडा

INTERNATIONAL CONFERENCE ON CAPACITY DEVELOPMENT
for fostering innovation and entrepreneurship

#Innopreneurship #ICCD
#TogetherWeCan

KEYNOTE SPEAKERS
PROF. DR. DEV RAJ ADHIKARI — Chairman, University Grants Commission
MR. IGNOUS KARTHAUS — PUM Senior Expert

INTERNATIONAL SPEAKERS
DR. SASKIA J.M. HARKEMA — Founder, Impact Leaders International
MR. HENK TER STEGE — PUM Senior Expert
MR. ROB VAN STAR — PUM Senior Expert
DR. NARESH SACHDEV — Director, PCTE, Ludhiana

NATIONAL SPEAKERS
PROF. PUSHKAR BAJRACHARYA, PHD — Senior Management Educator
PROF. PREM RAJ PANT, PHD — Senior Management Educator
PURAN B JOSHI — Principal, HSMSS
NAROTTAM ARYAL — President, King's College
LEKHRAJ POKHREL — President, Conf. of Bagmati Prov. Industries
NIRAJ KHANAL — Entrepreneurship Ecosystem Enabler
SWAGAT RAJ PYAKUREL — Director, MM Polymers
RAJIV SHARMA — MD, Jobs Dynamics
BIBHUSHAN BISTA — Executive President, Young Innovations
PAVITRA GAUTAM — Co-founder/CEO, Karkhana

Organized by: Co-organized by: In partnership with:

साझाकुरा

## हाम्रो कुरा

# पाउडर प्लान्ट सञ्चालन गर

भारतीय मुलुकबाट धुलो दूध ल्याएर नेपालमा बिक्री गर्ने चलन पुरानै हो । पञ्चायती ब्यवस्थामा पनि नेपालका डेरीहरुले भारतीय बजारबाट कम गुणस्तरका धुलो दूध (पाउडर) ल्याएर ताजा दूधमा मिसाएर बिक्री गर्ने गरिएको थियो । २०४६ को राजनीतिक परिवर्तन पछिका दिनमा युरोपियन मुलुकबाट पनि पाउडर खरिद गरियो । सामान्यतया पुसदेखि चैतसम्म दूध उत्पादनको दृष्टिले ड्राई सिजन मानिन्छ । ड्राई सिजनमा उत्पादन कम हुने भएकोले आपूर्ति धान्नका लागि ताजा दूधमा पाउडर सिाउने गरिन्छ । पछिल्लो समयमा सरकारी स्वामित्वको दुग्ध विकास संस्थानले बिराटनगरमा पाउडर प्लान्ट स्थापना गरेपछि विदेशबाट धुलो पाउडर ल्याउने क्रम केही कमी आएको छ । बागमती प्रदेश सरकारले हेटौंडामा निर्माण गरेको पाउडर दूध उत्पादन प्लान्ट तयार भएपनि सञ्चालनमा आउन सकेको छैन । व्यावसायिक पशुपालनलाई प्रेरित गर्न, दाना उत्पादन गर्न र उत्पादित दूधको सहज खपत नभएमा पाउडर बनाएर बजारमा ल्याउने लक्ष्यकासाथ बागमती सरकारले हेटौंडा उपमहानगरपालिका-१०, न्युरेनीमा पाउडर प्लान्ट निर्माण गरेको थियो । तीनवर्ष लगाएर ४७ करोड रुपैयाँमा प्लान्ट निर्माण भएको छ । तर, संचालनको कार्यविधि नै नभएका कारण उद्योग सञ्चालन हुन सकेको छैन ।

कुन मोडालिटीमा संचालन गर्ने भन्ने बिषयमा टुङ्गो लागेको छैन । तीन वर्षमा पनि कार्यबिधि निर्माण गर्न किन आलटाल गरियो ? यो प्रश्न गम्भीर रुपमा लिनुपर्छ । भवन निर्माण गर्दा ठेक्का लगाउँदा र मेशिनरी खरिद गर्दा कमिसन आउने भएर काम गरियो तर, कार्यबिधि निर्माण गर्दा कसैले पनि कमिसन नदिने भएकोले काम हुन सकेन भन्ने सोझो बुझाई हो । प्लान्ट निर्माण भएपछि दूध सजिलै खपत हुने किसानको अपेक्षा थियो । उत्पादित दूधको खपत नहुँदा किसानले समस्या भोग्दै आएका छन् । प्लान्ट सञ्चालनमा नआउँदा उद्यमी पनि निराश छन् । कसरी सञ्चालन गर्ने भन्ने कार्यविधि नबन्दा समस्या आएको प्रदेश दुग्ध विकास बोर्डले जनाएको छ । मन्त्रालयले आवश्यक कार्यविधि निर्माण गरेपछि कुनै संस्थालाई जिम्मा दिएर धूलो दूध कारखाना सञ्चालनमा ल्याइने मन्त्रालयको भनाइ छ । हेटौंडा दूध विकास संस्थानलाई केही वर्षको लागि ठेक्कामा लगाउने आन्तरिक तयारी भइरहेको बताइएको छ । यसका लागि आवश्यक कार्यविधि निर्माणकै चरणमा रहेकाले यसको टुंगो लाग्न पाएको छैन । किसानले भोग्नु परिरहेको 'मिल्क होलिडे'को समस्या समाधान गर्ने उद्देश्यले प्लान्ट निर्माण गरिएको हो । २०७७ पुस १६ मा तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले प्लान्टको शिलान्यास गरेका थिए । एक वर्षभित्र निर्माण सक्ने गरी इजी इन्फ्रा कम्पनीलाई ठेक्का दिइएको थियो । तर, कोभिड-१९ महामारीका कारण ढिलाइ भएपछि तीन पटकसम्म म्याद थपिएको थियो ।

दैनिक ६० हजार लिटर दूध खरीद गरी पाँच मेट्रिकटन धूलोदूध उत्पादन र प्याकिङ गर्ने लक्ष्य रहेको छ । यसबाट बागमती प्रदेशका चितवन र मकवानपुर तथा मधेश प्रदेशका बारा, पर्सा, रौतहटका करिब २२ हजार परिवार लाभान्वित हुने बोर्डको आंकलन छ । प्लान्ट सञ्चालनमा आउँदा ८० जनाले प्रत्यक्ष रोजगारी पाउनेछन् । अप्रत्यक्ष रुपमा धेरै परिवार ले रोजगारी पाउने छन् भने पाउडर आयात पनि बिस्थापन गर्न सकिन्छ । गएको असोजमै पाउडर दूध उत्पादन सुरु गर्ने लक्ष्य राखिएको थियो । तर, सञ्चालनमा ढिलाइ भइरहेको छ । पाउडर प्लान्ट सञ्चालन भएपछि 'मिल्क होलिडे'को समस्या पनि हट्ने प्रदेश दुग्ध विकास बोर्डको भनाइ छ । संघीय सरकारको निर्णय अनुसार दुग्ध विकास संस्थान (डीडीसी)ले सञ्चालन गरिरहेको पशुदाना कारखाना परिसरमै प्लान्ट स्थापना गरिएको हो । डीडीसीले लिएको आठ बिघामध्ये दुई बिघा जमीन प्लान्टका लागि प्रयोगमा आएको छ । उद्योगबाट पाउडर दूधसँगै घ्यू पनि उत्पादन गरिनेछ । उत्पादित धूलो दूध प्याकिङ गरी दैनिक पाँच मेट्रिकटन बिक्री गर्ने लक्ष्य राखिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन ३ गते बिहीबार १५ फेब्रुअरी २०२४ । षष्ठी, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:४४, सूर्यास्त ५:५३ । अन्तर्राष्ट्रिय बाल्यकाल क्यान्सर दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रमाइलोगरि समय बित्ने | तुला | : सामाजिक काममा सफलता |
| वृष | : राजनीतिमा प्रगति हुने | वृश्चिक | : सन्तानबाट खुशी मिल्ने |
| मिथुन | : शारीरिक परिश्रम गर्नुपर्ने | धनु | : व्यापारमा केही हानि हुने |
| कर्कट | : पढाइमा प्रगति हुने | मकर | : शत्रु पराजित हुने |
| सिंह | : विश्वासमा संकट आउने | कुम्भ | : मानसम्मान बढ्ने |
| कन्या | : निर्माण कार्यमा प्रगति | मीन | : विद्यार्थीका लागि लाभदायक |

# कसैले मेट्न नसक्ने इतिहास हो जनयुद्ध



✍ किरण थापा "अमोद"

'जनयुद्ध' नेपालको इतिहास भइसकेको छ । १ फागुन २०५२ देखि ५ मंसिर २०६३ नेपालमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टीको नेतृत्वमा चलेको सशस्त्र आन्दोलन नै 'माओवादी जनयुद्ध' हो । यसको महत्व के हो ? यसको सामाजिक, वैचारिक, राजनीतिक, सांस्कृतिक र ऐतिहासिक महत्व के हो ? यसको समर्थन र विरोधमा बृहत् बहस गर्न सकिन्छ तर यसलाई अस्वीकार गर्न सकिदैन ।

जनयुद्धको प्रभाव र विस्तार यति व्यापक थियो कि त्यसको राजनैतिक एजेण्डाले प्रत्येक नेपालीलाई प्रभाव पार्थ्यो । नेपालको राज्य एकीकरणपछिको सबैभन्दा ठूलो अभियान थियो । जनयुद्धको प्रभाव नरहेको कुनै भौगोलिक, राजनीतिक, आर्थिक, सामाजिक, वैचारिक, सांस्कृतिक क्षेत्र छैन । हरेक नेपालीलाई या त समर्थक या त आलोचक बनाएको थियो ।

हिमाल, पहाड, तराई/मधेश, उपत्यका, गाउँ, शहर, राजधानी, मोफसल, प्रवास कतै नपुगेको र नछोएको थिएन । यो एक बहुआयामिक अभियान थियो । यसका विविध आयाम संक्षेपमा उल्लेख गर्ने प्रयास गर्नेछु ।

**क. वर्गीय मुक्ति युद्ध :** माओवादी जनयुद्ध उत्पीडित श्रमजीवी वर्गले शोषक, सामन्ती शासन व्यवस्था विरुद्ध गरेको विद्रोह थियो । मार्क्सवादी विचारका आधारमा कम्युनिस्ट पार्टीको नेतृत्वमा संचालित वर्ग युद्ध थियो

**ख. जातीय मुक्तियुद्ध :** नेपालाई एक बहुराष्ट्रियतायुक्त राष्ट्र भएको विश्लेषण गरी उत्पीडित जातिलाई मुक्त गर्ने आन्दोलन थियो । जातीय उत्पीडन पनि लामो वर्गीय उत्पीडनकै कारण हो । त्यसैले वर्गीय मुक्ति सफल नभई जातीय मुक्ति सम्भव हुँदैन । आदिवासी जनजातिहरूको जल, जमिन, जंगल र स्वशासनमा अग्राधिकारको वकालत गर्दै उत्पीडित समुदायले आफ्नो शासन, सम्मान, सहभागिताका लागि सामन्ती राज्यव्यवस्था विरुद्धको युद्ध थियो ।

**ग. क्षेत्रीय मुक्ति :** जनयुद्ध कर्णाली र मधेशले केन्द्रीकृत व्यवस्था विरुद्ध लडेको क्षेत्रीय युद्ध पनि थियो । नेपालको शासन व्यवस्था काठमाडौंकेन्द्रित र विकास पनि असन्तुलित थियो । जनयुद्ध उत्पीडित क्षेत्रले काठमाडौंकेन्द्रित शासन विरुद्धको युद्ध थियो ।

**घ. लैङ्गिक मुक्ति :** महिला आन्दोलनको दृष्टिकोणबाट जनयुद्ध ऐतिहासिक फड्को हो । सम्मान, समानता र सहकारिताको आजको उपलब्धि जनयुद्धको योगदान हो । वीरता, बलिदानको यो उच्चताको महिला नेतृत्व र सहभागिता संसारको कुनै पनि आन्दोलनमा भएको थिएन । सदन, सरकार, फौज, कर्मचारीदेखि हरेक ठाउँमा महिलाको अर्थपूर्ण सहभागिता छ, जनयुद्ध विना असम्भव थियो ।

**ङ. जातपातजन्य विभेद विरुद्धको मुक्ति :** नेपाल र मूलतः दक्षिणएशियामा रहेको छुवाछूतजन्य भेदभाव विरुद्ध जनयुद्धले प्रतिरोधी आन्दोलनको नेतृत्व गर्‍यो । सामाजिक कुरीति विरुद्ध जनयुद्ध हुन्थेन भने दलितमाथिको दलनको घनत्व निकै धेरै हुन्थ्यो । मनुस्मृतिमा आधारित जातपातजन्य भेदभाव विरुद्धको सामाजिक विद्रोहको सबैभन्दा उचाइको आन्दोलन जनयुद्ध थियो । दलित अधिकारको संवैधानिक र कानुनी व्यवस्था दलितहरूले जनयुद्धमा बगाएको रगत, पसिना र आँसुको मूल्यमा पाएका हुन् ।

**च. अल्पसंख्यकको मुक्ति :** वर्चस्वशाली समुदायले कमजोर र सीमान्तकृत समुदायमाथि आफ्नो प्रभुत्व लाद्ने सामन्ती व्यवस्था, एक जाति, एक भाषा, एक भेषको नश्लवादी राजनीति र त्यसैलाई राष्ट्रनिर्माण र राष्ट्रिय एकताको आधार मान्ने नाजीवादी विचार विरुद्ध विविधतालाई स्वीकार गरी यसलाई पूँजीको रूपमा बुझ्ने, सहभागितामूलक लोकतन्त्र स्थापित गर्ने आधार जनयुद्धले स्थापित गरेको हो ।

**छ. सांस्कृतिक आन्दोलन :** जनयुद्ध एक क्रान्तिकारी सांस्कृतिक आन्दोलन पनि थियो । बालविवाह, अनमेल विवाह, दाइजो प्रथा, बहुविवाह विरुद्धको पनि अभियान थियो । मजदुर किसान र श्रमजीवी वर्गको हित सौन्दर्य स्थापित गर्न मद्दत गरेको छ ।

दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार व्यहोर्दै आएका मधेशी, मुस्लिम लैङ्गिक अल्पसंख्यक थारू, फरक क्षमता भएका जनसमुदायले गर्व गर्न सक्ने चेतना जनयुद्धको सौन्दर्य चेत हो । उत्पीडनको विरुद्ध समर्पण वा सम्झौता होइन विद्रोह गर्नुपर्छ, विद्रोह गर्नु जनताको अधिकार हो भन्ने संघर्षको मूल्यको दर्शन जनयुद्धले स्थापित गर्‍यो ।

**ज. नेतृत्व निर्माण :** राजनीतिक क्रान्तिले राजनीतिक व्यवस्था र चेतना मात्रै निर्माण गर्दैन बरु यसले नयाँ राजनीतिक चेतनाको चालक नेतृत्व निर्माण पनि गर्दछ । जनयुद्धले नेपालका शीर्षस्थ नेतृत्वदेखि विविध वर्ग, क्षेत्र, समुदाय, लिङ्गका संघर्षले खारिएका नेतृत्व पनि निर्माण गरेको छ । माओवादी आन्दोलनको प्रभावले परम्परागत राजनीतिक दल र विविध क्षेत्रमा नेतृत्वको नयाँ चुनौती खडा गर्‍यो परिणाम स्वरूप सिङ्गो देशमा समाजको तल्लो वर्गका नागरिकहरूबाट समेत उन्नत नेतृत्व विकास भयो । आजको नेपालको राजनीतिक नेतृत्व चाहे त्यो जुनसुकै विचार, पार्टी, क्षेत्रको किन नहोस् माओवादी आन्दोलनको उपज हो ।

**झ. त्याग र बलिदानको कीर्तिमान :** के तपाईं कल्पना गर्न सक्नुहुन्छ भरखरै विवाह गरेको जोडी सात दिन नबित्दै हनिमुनको योजना होइन नयाँ युद्धको योजना बनाउँछ । युद्ध मैदानमा सँगै जाँदा झोलामा पार्टीको झण्डा बोकेको छ । किनकि आफ्नो जोडी शहीद भयो भने ओढाउने अन्तिम श्रद्धाञ्जलीको तयारी गरेर हाँसीहाँसी युद्धमा गएको छ ।

भर्खरै जन्मेको आफ्नो सन्तानलाई काखमा लिएर म्वाइँ खान छोडी गोली खान तयार भएको छ । घरपरिवार, आमा-बा, दाजुभाइ, साथीसङ्गीको माया कुल्चेर स्वस्फूर्त युद्धमा सामेल छ । व्यक्तिगत सम्पत्ति न भविष्य । न तलबभत्ता, पेन्सन, बीमा न त कुनै व्यक्तिगत लाभ । के कुराले प्रेरित गरेर हजारौं मान्छे निस्वार्थ खुकुरीको धारमा पाइला चाल्न तयार भए ? राष्ट्र, जनताको हितका खातिर यो स्तरको त्यागको भावना नै जनयुद्धको शक्ति थियो । जनयुद्धलाई मूल्याङ्कन गर्दा यो त्याग र बलिदानी कीर्तिमान भुल्नुहुँदैन ।

**ञ. प्रमुख आन्दोलन र पूरक आन्दोलनको आधार :** जनयुद्धले त्यसभन्दा अगाडिका राजनीतिक आन्दोलनका एजेन्डा नै परिवर्तन गरिदियो । कांग्रेस, एमाले जस्ता परम्परागत संसद्वादी पार्टीलाई सहभागितामूलक लोकतान्त्रिक पार्टीमा रूपान्तरण हुन दबाब सृजना गर्‍यो । नेपालको राजनीतिमा गणतन्त्र, सँघीयता, समावेशिता, संविधान सभा जस्ता विषय प्रवेश गरे । जनयुद्धपछि पनि सञ्चालित भएका महिला, दलित, जनजाति, मधेशी लगायत अन्य अधिकारमा आधारित आन्दोलनहरूलाई वैचारिक र राजनीतिक पृष्ठभूमि तयार पार्‍यो ।

**विधिको विविधता**

नेपाली जनयुद्ध हतियारबद्ध सशस्त्र युद्ध मात्र थिएन यो सिङ्गो नेपाली कम्युनिस्ट आन्दोलनको संगठित इच्छा थियो । झापा विद्रोहको असफलतापछि मूर्छित नेपाली कम्युनिस्ट आन्दोलनको माओवादी धाराले यसलाई अगाडि बढायो । गाउँबाट शहर घेर्ने छापामार युद्धको चिनियाँ नेता माओत्सेतुङ रणनीतिलाई आधार माने पनि यो सशस्त्र र शान्तिपूर्ण गाउँ र शहर, वैधानिक र अवैधानिक, भौतिक र बौद्धिक, राजनीतिक र सैनिक, क्रान्तिकारी र सुधारात्मक अभियानको समग्र आन्दोलन थियो । जनयुद्धको हिंसात्मक र सैनिक पक्ष मात्रै देख्नु, अन्य पक्षहरू नदेख्नु अर्को भूल हुन्छ ।

आजको नेपालको राजनीति जनयुद्धको आधारमा चलेको राजनीति हो । २०७२ को संविधान, गणतन्त्र, संघीयता, लोकतान्त्रिक प्रणाली, समावेशी समानुपातिक व्यवस्था जनयुद्धका उपलब्धि हुन् । राजनीतिक सचेतनाको हिसाबले त जनयुद्ध एक खुल्ला विश्वविद्यालय नै थियो जहाँ लाखौं जनताले एकैपटक दीक्षित हुने अवसर पाए । महिला, दलित, आदिवासी जनजाति, उत्पीडित क्षेत्रले जुनस्तरको सचेतना, सम्मान, सहभागिता प्रतिरोध गर्ने क्षमता पाएका छन्, जनयुद्ध नभएको भए कल्पना समेत गर्न सकिने थिएन ।

**कमि-कमजोरी**

जनयुद्धमा कैयौं कमि-कमजोरी भएका छन् । कतै ज्यादा बल प्रयोग पनि भएको छ । लालशाहीवादी प्रवृत्ति पनि छिटफुट देखिन्छ । शाही आतंकको प्रतिरोध गर्दा लालआतंक युद्धको नीति हुनु अस्वाभाविक होइन तर निर्दोष र युद्धमा असंलग्न निहत्था जनता पनि पीडित भएका छन् । तर संसारभरिका सशस्त्र युद्धको तुलनामा यो बढी चाहिं होइन ।

जनयुद्ध रक्तपात पूर्ण युद्ध थियो । युद्धले ठूलो जनधनको क्षति भएको छ । त्यसको उचित परिपूरण हुन नसक्नु, राजनीतिक परिवर्तनपछि पनि जनताको दैनिक जीवनमा परिवर्तन हुन नसक्नु, जनताको तीव्र समृद्धिका अपेक्षा पूरा हुन नसक्नु, शहीद तथा बेपत्ता परिवार, घाइते योद्धा, जेल यातना भोगेका योद्धाको उचित सम्मान र व्यवस्थापन हुन नसक्नु अझ जनयुद्धको उच्च नेतृत्व तह नै भ्रष्टाचार, व्यभिचारमा फस्नु, नातावाद, परिवारवाद र ९ व्यमोहमा फस्नु आदि कारण यसको उच्च बलिदान, त्याग, समर्पण र योगदान नै फिक्का देखिने गरेको छ ।

शान्ति प्रक्रियाको बाँकी काम सत्य मेलमिलाप आयोग र संक्रमणकालीन न्यायको काम हुन नसक्नु दुःखद् पक्ष हो । जनयुद्धको नेतृत्वकारी शक्ति कमजोर हुँदै जादा प्रतिगामी पुनरुत्थानवादी शक्तिले जनयुद्धलाई आपराधिक भाष्य बनाउने प्रयत्न भएको छ भने दक्षिणपन्थी पपुलिजमले त्यसलाई राजनीतिक औजारको रूपमा प्रयोग गर्ने प्रयत्न गरेको छ ।

**फेरिएको सन्दर्भ**

जनयुद्ध इतिहास भइसक्यो । जनयुद्ध सुरु हुँदा २०५२ सालमा जन्मेको बच्चा आज २८ वर्ष पुग्यो र जनयुद्ध अन्त्य भएको बच्चा पनि बालिग भइसकेको छ । जुनसुकै इतिहासलाई हेर्ने बुझ्ने एउटै दृष्टिकोण हुन सक्दैन । जनयुद्धलाई हेर्ने पनि एउटै दृष्टिकोण हुनै सक्दैन । जनयुद्धलाई विविध आयाम विश्लेषण गर्नु र इतिहासबाट शिक्षा लिन जरूरी छ ।

जनयुद्धले मात्रै सबै उपलब्धिहरू हासिल भएका हुन् भन्नु अर्को आग्रहपूर्ण दाबी हुन्छ । जनयुद्ध अगाडि र जनयुद्ध पछाडि पनि जनताले लोकतन्त्रीकरणको प्रक्रियामा निरन्तर संघर्ष गरेका छन् । जनयुद्धले ती आन्दोलनहरूबाट विचार, अनुभव, ज्ञान र शिक्षा लिएको छ भने जनयुद्धको क्रममा विकास भएका विचार, ज्ञान, अनुभव र शिक्षाबाट अन्य आन्दोलनका आधार तयार गरेका छन् ।

कैयौं सन्दर्भमा तत्कालीन युद्धको फाइदाको लागि राष्ट्र र समाजलाई अहित हुने विषय पनि आन्दोलनले बोकेको देखिन्छ । त्यसमा पनि वस्तुनिष्ठ समीक्षा जरूरी छ । जनयुद्धको क्रममा भएका हिंसाका घटनाहरूले समाजमा पारेका दीर्घकालीन नकारात्मक असरहरूको सामाजिक उपचारको लागि पनि जनयुद्धको अध्ययन हुन जरूरी छ ।

फेरिएको राजनैतिक व्यवस्था र पुरानै आर्थिक आधार आजको अव्यवस्था र असन्तुष्टिको कारण हो । सामाजिक र आर्थिक क्षेत्रमा रहेको संरचनागत सुधार गरी तीव्र आर्थिक समृद्धि हासिल गर्नु आजको हाम्रो चुनौती हो । नयाँ चुनौती सामना गर्न नयाँ विचार, संगठन, अभियान र विधि आवश्यक छ । जनयुद्धका विचार, संगठन, अभियान र तरिकाले आफ्नो ऐतिहासिक दायित्व पूरा गरिसकेको छ ।

जनयुद्धलाई जुन दृष्टिकोणले हेरे पनि हामी त्यो इतिहास बदल्न सक्दैनौं । आजको राजनीति, कूटनीति, इतिहास, साहित्य, समाज, कानुन वा समाजका जुनसुकै क्षेत्र, विषय जनयुद्धलाई सम्बोधन नगरी पूर्ण हुँदैन । इतिहास बनेको जनयुद्धलाई कसैले मेट्न सक्दैन । बरु समाजले आजको आवश्यकता र सन्दर्भमा यसको व्यापक, वस्तुनिष्ठ, आग्रहरहित विश्लेषण गरी शिक्षा लिनुपर्छ । सरकारले नमनाए पनि, अदालतले नचिने पनि, समर्थन वा विरोध जे गरे पनि जनताले सुदूर भविष्यसम्म जनयुद्ध मनाउने छन् ।

म त भन्छु- नेपाल भन्ने राष्ट्र यो धर्तीमा रहेसम्म जनयुद्ध दिवस रहिरहन्छ ।

*(साभार: अनलाइनखबर)*

# माओवादी जनयुद्धले जगाएको समाज

✍जीपी मैनाली

जनयुद्ध दिवसका दिन सार्वजनिक बिदा दिने सरकारी निर्णयलाई न्यायालयले उल्ट्याइदिएको छ । विश्वका जुनसुकै आन्दोलनका आफ्ना सीमा हुने गर्छन् । माओवादी आन्दोलनका पनि आफ्ना सीमा र परिधि पक्कै थिए । विश्वको जुनसुकै आन्दोलनको इतिहास हेर्दा आन्दोलनका हाँक्नेका विरोधी र दुश्मन शक्ति हुने गर्छन् । त्यसैले कहिलेकाहीं पुरातनवादीहरूले परिवर्तित सत्ता नै उल्ट्याइदिनेसम्मका समाचार हामीले पढ्न पाइरहेका हुन्छौं । त्यस आलोकमा हेर्दा माओवादी आन्दोलन, जसले यो देशको व्यवस्था नै परिवर्तन गराइदियो, त्यसका आफ्ना विरोधी नहुने कुरै भएन ।

हिजोको व्यवस्थामा राम्रो खाइपाई आएका शक्तिमध्ये कसैले 'हाम्रो मर्ममा चोट पुग्यो' भनेर न्यायालयमा मुद्दा हालिदिए । कार्यपालिकाको निर्णयलाई नयाँ व्यवस्थाको जगमा उभिएको न्यायालयले उल्ट्याइदियो । कसैले गणतन्त्र दिवसमा बिदा दिन मिल्दैन, किनभने त्यसले हाम्रो भावनालाई आहत पुर्‍यायो भनी मुद्दा हालिदियो भने के न्यायालयले गणतन्त्र दिवसको बिदा पनि खारेज गरिदिन्छ ? प्रश्न यो पनि छ ।

जहानियाँ राणाशासन अन्त्य गरेर २००७ सालमा प्रजातन्त्रको थालनी गर्दा कतिको चित्त दुखेको थियो होला ! ३० वर्षे पञ्चायत फालेर बहुदलको स्थापना गर्दा र तत्कालीन राजा ज्ञानेन्द्रको निरंकुशतालाई ध्वंस गर्दा पनि कैयौंको चित्त दुख्न गयो होला ! त्यसैले प्रश्न उब्जेको छ, नयाँ व्यवस्थाको जगमा उभिएको न्यायालयले पुरानो व्यवस्थाका शक्तिको तुष्टीकरणका लागि वा नयाँ व्यवस्थाको रक्षाका लागि निर्णय गर्ने हो ? के व्यवस्था परिवर्तन ट्रेमा फूलमाला सजाएर हस्तान्तरण गरिन्छ ? वा, यो असाध्यै कष्टपूर्ण संघर्ष र बलिदानबाट हासिल हुने गर्छ ? यो कुरा आजको राज्य संयन्त्रले बुझ्न आवश्यक छ ।

जुन आन्दोलनमा जनताले सबैभन्दा धेरै बलिदान गरेका हुन्छन् वा त्यसको नेतृत्वसँग आशा-अपेक्षा गरेका हुन्छन्, त्यसैमाथि पनि धेरै प्रश्न उठ्ने गर्छन् । यसलाई दुईटा कोणबाट हेर्दा उपयुक्त होला । पहिलो, माओवादी आन्दोलन वा त्यसको नेतृत्वले नेपाली जनताको स्वतन्त्रता र मुक्तिको आकांक्षालाई एकैपटक ह्वात्तै सतहमा ल्याइदियो । दोस्रो, जनताको त्यो आकांक्षालाई माओवादी आन्दोलनले सही ढंगले सम्बोधन गर्न सकेन । त्यसैले त्यो आन्दोलनमाथि पनि बेला-बेला प्रश्न उठ्ने गर्छ । तर, माओवादी आन्दोलन आजका दिनमा टुहुरो भइसकेको छैन ।

कसैले गणतन्त्र दिवसमा बिदा दिन मिल्दैन, किनभने त्यसले हाम्रो भावनालाई आहत पुर्‍यायो भनी मुद्दा हालिदियो भने के न्यायालयले गणतन्त्र दिवसको बिदा पनि खारेज गरिदिन्छ ? प्रश्न यो पनि छ । आजैका दिन पनि काठमाडौंको प्रज्ञा प्रतिष्ठानमा माओवादीको विधानमाथि छलफल गर्न भनेर देशैभरिबाट नेता तथा कार्यकर्ता भेला भएका छन् । नेपाली समाजमा कम्पन पैदा गर्ने शक्ति भनेकै माओवादी आन्दोलन हो । बितेको तीन दशकलाई नियाल्दा– माओवादीले गर्ने कुनै पनि क्रियामा अन्य राजनीतिक दल, बुद्धिजीवीले प्रतिक्रिया जनाउने गरिरहेकै छन् । पछिल्लो समय सार्वजनिक बिदा दिने वा नदिने भनेर देशैभर बहस भइरहेकै छ । त्यो बहस पनि आन्दोलनको क्रियामा आएको प्रतिक्रिया सिवाय केही होइन । माओवादी आन्दोलन हुँदैन्थ्यो भने नेपाली समाज उहिल्यै विश्व मानचित्रमा मुर्दा समाज भनेर दर्ज हुने थियो । माओवादी पार्टी र आन्दोलनले यो समाजलाई मुर्दा हुनबाट जोगाएको छ ।

मेरो सिङ्गो परिवार नेपाली कांग्रेसको राजनीतिमा संलग्न छ, तर म माओवादी आन्दोलनमा लागेको छु । यो थाहा पाएर चिन्ता गर्दै मेरो गाउँका एकजना छिमेकी मसँग कुरा गर्न आइपुगे । उनले भने– तिमी इन्जिनियरिङ गरेको मान्छे यस्तो पार्टीमा लाग्ने हो ? उनले नेपाली कांग्रेसमा लाग्न समेत सुझाएका थिए । यो प्रसङ्ग मैले यहाँ किन कोट्याएको भने आममानिसलाई इतिहासको धेरै जानकारी हुँदैन । उनले भनेको नेपाली कांग्रेस पनि कुनै बेलाको सशस्त्र संघर्ष गर्ने पार्टी हो । उसले पनि तत्कालीन व्यवस्थाका विरुद्ध केहीपटक बन्दुक उठाएको थियो ।

नेपालको मात्रै होइन, आजका दिन विश्वभर जति पनि पार्टीहरू सत्तासीन छन्, उनीहरूको विगत बारुदको धुलोबाट निर्माण भएको छ । सत्ता भनेकै हिंसाको अर्को रूप हो । के नेपालमा राणाहरूले, पञ्चहरूले सजिलै सत्ता हस्तान्तरण गरेका थिए । के फ्रान्स, अमेरिका, चीन, भारतमा त्यत्तिकै सत्ता हस्तान्तरण भएको हो । हाम्रै छिमेकी मुलुक चीनमा आजका दिन जसले सत्ताको नेतृत्व गरिरहेका छन्, उनी माओत्सेतुङका उत्तराधिकारी हुन् । माओले सत्ता बन्दुकको नालबाट निस्कन्छ भनेका थिए । त्यसैगरी आजका दिन भारतमा जसले सत्ताको नेतृत्व गरिरहेको छ, उनका अग्रजहरूले गान्धीको हत्या गरेका थिए ।

नेपालको एउटा दुःखान्त नै भन्नुपर्ला । नेपालको राजनीतिक क्षेत्र अन्य क्षेत्रभन्दा तुलनात्मक रूपमा गतिशील छ । यहाँ सामाजिक, राजनीतिक आन्दोलनहरू भइरहेका हुन्छन् । तर, राजनीतिसँगै समानान्तर रूपमा अघि बढ्नुपर्ने क्षेत्रहरू पछाडि छन् । नेपालको साहित्य, पत्रकारिता, विश्वविद्यालय, बौद्धिक चिन्तनका अन्य क्षेत्रहरू पछि परे । माओवादी आन्दोलनले प्राप्त गरेको उचाइ र यसका उपलब्धिको आलोकमा त्यसमाथि लेखिने कुनै पनि समकालीन साहित्य त्यहाँसम्म पुग्नै सकेन ।

नेपाली क्रान्तिबारे लेख्ने 'मेक्सिम गोर्की'हरूको अभाव रह्यो । माओवादी आन्दोलनले त्यस्ता मानिस जन्माउनै सकेन । आन्दोलन बाहिरकाले पूर्वाग्रहवश यसबारे लेख्न चाहेनन् । आशा गरौं, नयाँ पुस्ताले जनयुद्धका पत्र-पत्र उप्काउँदै त्यसको वास्तविक वीरताको इतिहास भविष्यमा लेख्नेछ । माओवादी आन्दोलनको गौरव, त्यसका योद्धाहरूको कथा र यसको नायकमाथि विभिन्न कोणबाट साहित्य र इतिहास लेखिन बाँकी नै छ ।

> सैद्धान्तिक र वैचारिक जगबिनाका समूहहरूले केही समय जनतालाई भ्रममा पार्न सक्छन्, तर अन्ततः यो मुलुकको भविष्य कोर्ने विचार स्पष्ट भएका राजनीतिक दलहरूले नै हुन् ।

नेपाली समाजमा आजभन्दा ठुल्ठुला चुनौतीका पहाड हिजोका दिनमा थिए । त्यसलाई पार गरेर माओवादी नेतृत्वले समाजलाई यहाँसम्म ल्याइपुर्‍याएको प्रस्ट छ । अब आउने चुनौती वा समस्या एक्लै आउने होइनन्, तिनले समाधान पनि सँगै ल्याएका हुन्छन् । पपुलिस्ट एजेन्डाबाट रातारात उकालो चढेका पात्र र प्रवृत्ति थोरै समयमा कसरी तासको महल जसरी ढल्दै छन् भन्ने हामीले देखेकै छौं ।

सैद्धान्तिक र वैचारिक जगबिनाका समूहहरूले केही समय जनतालाई भ्रममा पार्न सक्छन्, तर अन्ततः यो मुलुकको भविष्य कोर्ने विचार स्पष्ट भएका राजनीतिक दलहरूले नै हुन् । तिनै दलहरूभित्र काम गरिरहेका आलोचनात्मक चेत भएका युवाले नै यो देशको भविष्यको नेतृत्व गर्नेछन् ।

*(साभार: रातोपाटी)*




# प्रणय-दिवस प्रेम एक अनुभूति



प्रेम के हो ? नव यौवनावीच हुने आपसी आकर्षण, माया । हामीले यस्तै बुझेका छौं । हुन त प्रेमको आयमिक अर्थ र महत्व छ । आमा छोरा, भाई बहिनी, आफन्त, नातागोताबीच पनि प्रेम हुन्छ । तर, नवयौवनावीच खासगरी बिपरित-लिंगीमा हुने मानसिक आकर्षण र समपर्णभावलाई प्रेम भनेर बुझिएको छ । यस्तो प्रेममा त्याग हुन्छ ।

नव-यौवनावीच हुने प्रेमलाई फगत शारीरिक आकर्षण पनि मान्ने गरिन्छ । अहिलेको कस्मेटिक्स जमनामा आत्मिक प्रेम अर्थात प्लेटोनिक लभको कुरा केवल आदर्श जस्तो मात्र लाग्छ । यद्यपी शारीरिक आकर्षणबाट सुरु भएको प्रेम नै मनमा पुग्छ । जब त्यो मनमा पुग्छ, आँखा बन्द हुन्छ । त्यसैले त भनिन्छ, प्रेम अन्धो हुन्छ ।

प्रेम अन्धो हुन्छ भन्नुको अर्थ हो, सच्चा प्रेममा बाह्य व्यवधानहरु गौंण बन्छन् । त्यहाँ न जातले छेक्छ, न भूगोलले रोक्छ । न धनले अड्चन ल्याउँछ, न रुपले तगारो लगाउँछ ।

तर, प्रेमको यो विन्दुसम्म आइपुग्नका लागि नव-यौवनाबीच आकर्षण हुनुपर्छ । त्यही आकर्षणले तानेर उनीहरुलाई यस्तो मिलनविन्दुमा पु¥याउँछ, जहाँ उनीहरु आत्मिक रुपले जोडिन पुग्छन् ।

भनिन्छ, प्रेम स्वत हुने कुरा हो । तर, कुनै न कुनै रुपमा प्रेम व्यक्त हुनुपर्छ । प्रेम पोखिनुपर्छ । प्रेम पग्लिनुपर्छ । तब न प्रेम हुन्छ ।

एउटा अंग्रेजी भनाई छ, 'वेल बिगन इज हाफ डन ।'

अर्थात कुनै कामको सुरुवात यदि राम्रो ढंगले हुन्छ भने, सम्झनुहोस् आधा बाजी जित्नुभयो । प्रेमको सन्दर्भमा पनि त यो लागु हुन्छ । प्रेमको सुरुवात प्रस्तावबाट सुरु हुन्छ । तर, प्रस्ताव राख्ने भन्दैमा सोझै 'आइ लभ यु' भन्न सुहाउँछ त ?

निश्चय पनि यो सुहाउने कुरा होइन । कसैलाई प्रेम प्रस्ताव राख्नुअघि उनको मनोभावना बुझ्नुपर्छ । यदि आफुले मन पराएको व्यक्ति आफुप्रति सकारात्मक छ भने प्रस्ताव राख्न सकिन्छ । प्रेम प्रस्ताव भनेको प्रेम व्यक्त गर्ने हो । यसका विभिन्न माध्याम हुन्छन् । फूल दिएर हुनसक्छ, उपहार दिएर हुनसक्छ । वा कुनै रमाइलो शैली अपनाएर हुनसक्छ ।

**प्रणय दिवस किन मनाउन थालियो ?**

अंग्रेजी क्यालेन्डर अनुसार फेब्रुअरी १४ मा प्रणय दिवस मनाइन्छ । तर्क गर्नेहरुले त भन्छन्, यो पश्चिमा संस्कृति हो । आयतित संस्कृति हो । तर, प्रेमका पक्षपातीहरु भन्छन्, प्रेमको कुनै भूगोल हुँदैन । प्रेमको कुनै सीमा हुँदैन । प्रेम सर्वव्यापी हुन्छ ।

संभवत यस्तै मान्यताले नेपालमा पनि प्रणय दिवस धुमधाम मनाइने गरिन्छ । किन मनाइयो त प्रणय दिवस ? यसको सूत्रपात कसरी भयो ?

खासमा तेस्रो सताब्दीमा एक रोममा एक शासक थिए, जसको नाम क्लोडियस । उनको मान्यता थियो, जब बिहे गरिन्छ पुरुषको शक्ति र बुद्धि नष्ट हुन्छ । त्यही कारण उनले राज्यमा यस्तो उद्घोष गरिदिए, 'आजदेखि कुनैपनि अधिकारी वा सैनिकले बिहे गर्न पाउनेछैन ।'

तर, सन्त भ्यालेनटाइनलाई क्लोडियसको यो कुरा पटक्कै मन परेन । उनले फरमानको विरेध गरे । सन्त भ्यालेनटाइनले सबैलाई बिहे गर्नका लागि उक्साए । जागरुक गराए । यहि क्रममा केहि अधिकारी र सैनिकले बिवाह गरे ।

जब क्लोडियसलाई सन्त भ्यालेनटाइनले आफ्नो मान्यता विपरित प्रेम र बिवाहका लागि अरुलाई प्रेरित गरे, भ्यालेनटाइनलाई बन्दी बनाउने आदेश जारी भयो । उनलाई कालकोठरीमा बन्दी बनाइयो ।

आखिरमा सन्त भ्यालेनटाइनलाई फाँसी दिने भइयो । फाँसीको आदेश सुनेर सन्त भ्यालेनटाइनले जेलरकी दृष्टिविहिन छोरीको नाममा एक प्रेम पत्र लेखे । र त्यसको मुनी लेखे, 'फ्रम योर भ्यालेनटाइन ।' यससँगै उनले प्रेमपूर्वक फूल उपहार पठाए । मृत्युअघि उनले जेलरलाई भने, 'म मरेपछि मेरो आँखा तपाईंकी आफ्नी दृष्टिबिहिन छोरीलाई दिनु ।'

राजाले सन् २६९ को १४ फेब्रुअरीमा भ्यालेनटाइनलाई फाँसी दिए । यहि दिनलाई भ्यालेनटाइनको समर्पणमा मानिसहरुले प्रणय दिवस मनाउन सुरु गरे ।

सुरुवाती दिनमा विधिवत् रुपमा प्रणय दिवस मनाइन्थ्यो । त्यसबेला प्रेमी-प्रेमिकाको हातले बनाइएको मुटु आकारको कार्ड आदनप्रदान गरिन्थ्यो । त्यसमा आफ्नो भावना व्यक्त गरिएको हुन्थ्यो । अहिले त्यस स्थानमा रेडिमेड कार्ड छाएको छ । पश्चिमा देशमा क्रिसमसपछि सबैभन्दा एक आपसमा कार्ड आदनप्रदान गर्ने भनेकै प्रणय दिवस हो ।

**प्रेम सप्ताह**

पहिला एक दिन अर्थात फेब्रुअरी १४ लाई प्रणय दिवस भनिन्थ्यो । अहिले साताव्यापी रुपमा यो पर्व मनाइन्छ । यसको सुरुवात रोज डेबाट सुरु हुन्छ । गुलाब दिने, त्यसपछि प्रस्ताव राख्ने, त्यसपछि चकलेट दिने, त्यसपछि टेडी दिने, त्यसपछि प्रमिस गर्ने, त्यसपछि हग गर्ने र आखिरमा प्रणय दिवस मनाउने । यो सिलसिला फेब्रुअरी ७ बाट सुरु हुन्छ । फेब्रुअरी ७ लाई रोज डे, फेब्रुअरी ८ लाई प्रपोज डे र अन्य दिन एवं रितले मनाउने गरिन्छ ।

त, प्रेम दिवस सुरु भइसकेको छ । अत: फेबुअरी ७ देखि १४ दिनसम्मको अवधीलाई प्रेम सप्ताहको रुपमा मनाइन्छ । अर्थात यसरी बुझौं, फेब्रुअरी १४ को उत्कर्षमा पुग्नका लागि गरिने 'वार्मअप' सात दिनअघि नै सुरु हुन्छ । अत: सुरुको दिनदेखि हरेक दिन कुनै न कुनै दिवस मनाइन्छ ।

**फेब्रुअरी ७**

यो दिनलाई रोज डे भनिन्छ । अर्थात उपहार स्वरुप गुलाबको फूल दिन दिने । आफ्नो प्रेम भावना व्यक्त गर्ने माध्याम हो, गुलाब । खासगरी रातो गाढा रंगको गुलाब उपहार मा दिइन्छ ।

**फेब्रुअरी ८**

प्रपोज डे । अर्थात प्रेम प्रस्ताव राख्ने दिन । आफुले मन पराएको व्यक्तिलाई प्रेमका लागि खुलेर प्रस्ताव राख्ने दिन हो यो ।

**फेब्रुअरी ९**

यसलाई चकलेट डेको रुपमा मनाइन्छ । यस दिन आफ्ना प्रेमी-प्रेमिकालाई चकलेट दिएर सम्बन्धमा मिठास ल्याइन्छ ।

**फेब्रुअरी १०**

टेडी डे भनिन्छ । डेटी टोयज दिएर प्रेमलाई थप गहिराइमा पु¥याउन सकिन्छ ।

**फेब्रुअरी ११**

यस दिनलाई प्रमिस डे भनिन्छ । अर्थात बाचा गर्ने दिन । एक अर्काको प्रेम पक्का हो भनेर वाचा गर्ने मेसो हो यो ।

**फेब्रुअरी १२**

अब पालो आयो चुम्बनको । प्रेम व्यक्त गरेको पाँच दिनपछि एकआपसमा चुम्बन गर्न सकिन्छ । यसले सच्चा प्रेमको संकेत गर्छ ।

**फेब्रुअरी १३**

यस दिनलाई हग डे भनिन्छ । अंकमाल गर्ने दिन । आफ्ना प्रेमिका वा प्रेमीलाई अंकमाल गरेर प्रेमलाई थप कसिलो बनाउने दिन हो यो ।

**फेब्रुअरी १४**

यो प्रेम उत्कर्षमा पुग्ने दिन हो । यसलाई प्रणय दिवस अर्थात प्रणय दिवस भनिन्छ । प्रेम गर्नेहरुका लागि सबैभन्दा ठूलो उत्सव । यस दिन कुनै पनि गिफ्ट दिएर प्रेम सम्बन्धलाई अझ उचाईमा पु¥याउन सकिन्छ ।



> प्रेम गर्नु नराम्रो होइन। तर आफ्नो प्रेमभाव देखाउन तीन सय ६५ दिनमा 'भ्यालेन्टाइन डे' नै पर्खनु पर्दैन। हामीले वर्षभरी नै कसरी प्रेममय बनाउने भन्ने सोच्न जरुरी छ।

## प्रणय दिवस !



✍नविन गिरी

मैले तिमीलाई नै रोजेको छु
तिम्रो मुहारमा मुस्कान
जीवनमा खुसी, शरीरमा उर्जा
अनि मनमा शान्ति रोजेको छु
तिमीलाई एक दिन रोज मात्र दिनुभन्दा
सधैँलाई रोज्नु जायज होला भनेर !

मैले तिमीसँगै जिउने कल्पना गरेको छु
आएका सुखदु:ख सँगै भोग्ने कल्पना
तिम्रो चोटमा मलम बन्ने कल्पना
तिम्रा अठोटमा साथ निभाउने कल्पना
के तिम्रो दु:ख मसँग बाँड्न तयार छौ ?
मेरो सुखमा खुसी हुन तयार छौ ?
तिम्रो दु:ख मलाई, मेरो सुख हामीलाई
के मेरो गल्तीलाई सुधार्न तयार छौ ?
मेरा कमजोरी स्विकार्न तयार छौ ?
जीवनको यात्रामा कतै ठेस लाग्दा
सँगै उठी साझा गन्तव्य तय गर्न तयार छौ ?

म तिमीलाई चकलेटजस्तै मिठो
अनुभूति दिन चाहन्छु
र तिमी खुसीले फुरुङ्ग हुनेछौ
बढ्नेछ माया हामी दुईबीच
जुठो खाएपछि बढ्ने तहमा
तिमीले जिब्रोबाट होइन
मनबाट लिनेछौ स्वाद
र हाम्रो सम्बन्धमा भरिनेछ मायाको मिठास !

म तिम्रा लागि त्यो टेड्डी हुन तयार छु
जो हरबखत तिम्रो साथमा हुनेछ
पोख्नेछौ तिमीले मनका बह
सुनाउनेछौ आफ्ना व्यथाहरू
न लाज हुनेछ, न डर हुनेछ
दुखी मनको सहारा हुनेछ !

मैले कसम खाएको छु
तिम्रो विश्वासमा घात नगर्ने
हाम्रो भविष्यसँग खेलवाड नगर्ने
सधैँ खुसी दिन सकिनँ भने पनि
दुखी बनाउने छैन कहिल्यै पनि
पुछ्नेछु तिम्रा आँखाका आँसु
जित्नेछु तिम्रो विश्वास,
उत्सव मनाउनेछु तिम्रो सफलता !

म अँगाल्न चाहन्छु तिमीलाई
तिम्रा विगत अनि वर्तमानलाई
तिम्रा इच्छा अनि चाहनाहरूलाई
तिमीले देखेका सपनाहरूलाई
तिम्रा रहर अनि भावहरूलाई
तिम्रा कला अनि कमजोरीहरूलाई
पूर्ण तिमीलाई
जसले तिमीलाई तिमी बनाएको छ !

म चुम्न चाहन्छु तिमीलाई
तिम्रा सफलताहरूलाई, अप्रत्याशित
हारहरूलाई
मनाउन चाहन्छु तिम्रा उत्सवहरूलाई
तिम्रा हर्षहरूलाई, निष्कर्षहरूलाई
सङ्गेट्न चाहन्छु तिम्रा खुसीका कणहरूलाई
अनेकन रहरहरूलाई
सुम्पिन चाहन्छु, मेरा सम्पूर्ण उपलब्धिहरू
मेरा सफलता अब हाम्रा हुनेछन्
हाम्रा हुनेछन् तिम्रा सपनाहरू
साझा हुनेछन् हाम्रो गन्तव्य !

भन्दिनँ म तिमीबिना अपूरो छु
तर जीवन खल्लो भने पक्कै हुनेछ
नुन बिनाको तरकारी, अमिलो बिनाको अचार
ज्ञान बिनाको शिक्षा, तर्क बिनाको विचार !
त्यसैले आऊ सहकार्य गरौँ
प्रेम अनि जीवनको सहकार्य
दु:ख अनि सुखको
खुसी अनि रोदनको
प्राणसँग प्राणको, उर्फ प्रणयको
प्रणय दिवसको शुभकामना !

## 'डियर मनोज'



✍सिम्रन खड्का, थाहा

प्रिय !
तिम्रो प्रेम कुन शब्दमा बयान गरौं ?
हुन त आज माया गर्नेहरुको दिन रे !
प्रणय दिवसको शुभकामना !
हुनत मैले यो भनिराख्न पर्दैन । मेरो लागि हरेक दिन प्रणय दिवस ।

मेरो लागि तिमी अमूल्य छौ, जसको कुनै मूल्य छैन । भावनामा बगेर होइन मनदेखि नै भन्छु म तिमिलाई साँच्चै अथाह प्रेम गर्दो रहेछु ।

यी दिनहरुमा झन् धेरै महशुस हुँदै छ, तिमी मेरो लागि सास बराबर छौ । तिमीले दिने माया, गरेको भरोसा अनि आफ्नो परिवारको लागि गरेको त्याग स्मृतिमा अमिट छाप बनेर बसेको छ ।

अनि जीवनमा जतिसुकै आरोह अवरोहहरु आउँदा पनि तिमीमा आउने त्यो आत्मबल मेरो लागि अझ बिशेष छन् । तिमीलाई जीवनसाथी पाउनु नै मेरो लागि धेरै ठुलो कुरा हो, किनकि हरेकको भागमा तिमीले माया गरे जस्तो माया गर्ने मान्छे हुन्नन् । मेरो गल्तिमा मलाई बाटो देखाउँदै सहि बाटोमा जान आग्रह गर्ने तिमी मेरा गल्ती अनि कमि कमजोरीलाई पनि सहर्ष स्वीकार्न सक्ने तिमी मेरोलागि धेरै प्रिय छौ ।

के भनम तिमीलाई म मेरो सपनामा आफ्नो सपना सजाउछौ, मेरो खुसीमा आफ्नो खुसी देख्छौ हामीलाई पीडा हुन्छ भनि हरेक पटक आफ्नो पीडा लुकाउँछौ ।

मैले बुझेको छु तिम्रो विडम्वनालाई, नियालेको छु तिमी भित्रको त्यो भूमरीलाई । तिमीभित्र पनि गुम्सिएका छन् धेरै कुराहरु उकुसमुकुस भएका छन्, शब्दका भारहरु तर तिमी प्रकट गर्न सक्दैनौ, किनकि तिमी हामीलाई दु:खी देख्न र दु:खी बनाउन चाहदैनौ ।

मैले महसुस गरेको छु तिम्रो त्याग ! यहि त्यागले गर्दा नि म झन् तिमीलाई अथाह प्रेम गर्छु । जब मलाई चिन्ता लाग्छ तिमीलाई सम्झिन्छु । अनि फेरि चिन्ता भित्रको चिताको डर लाग्छ । तिमीलाई सम्झिन्छु तिमी जस्तै म पनि गल्छु थाक्छु रुन्छु कर ाउँछु आत्तिन्छु अनि फेरि तिमीलाई नै सम्झिन्छु । त्यसैले त मैले माग्ने सम्झने सबथोकमा तिमीलाई सम्झिन्छु। नजिकबाट नियालेको छु मैले तिम्रा रहर तिम्रा इच्छा तिम्रा चाहानाहरु । तिमी भित्रको त्यो कहिले नमर्ने आशालाई हो धेरै नजिक बाट नियालेको मैले । तेहि आशाको त्यान्द्रो नै हाम्रो जीवनलाई बाँध्ने मजबुत डोरी भएको छ ।

एउटा सहयात्रीको नाताले तिमी भित्र उठेका जीवन र संघर्षका ज्वारभाटाहरुलाई मैले पनि महशुस गरेको छु ।

आग्रह छ तिम्रो आँट र हिम्मतको दियोमा मैलेपनि तेल थपिरहेको छु, निभ्न नदिनु ।

म बिस्वास दिलाउछुकि तिमी कुनैपनि हालतमा हिम्मत नहार, तिमी हिम्मतको सगरमाथाको शिखरमा पुग्ने लक्ष्य राख, म तिम्रो आँट भरोसाको सतिशाल हुनेछु ।

सबैभन्दा महत्वपूर्ण कुरा आत्मविश्वास हो । आत्मविश्वासमा कहिलेपनि कमि हउन नदिनु किनभने देखेको सपना पुरा गर्न तिम्रो जीवनसाथी प्रतिबद्ध छे ।

तिम्रो हिम्मत बनेर हरेक दुख सुख अफ्ट्यारो आरोह अवरोहहरुमा म सधैं तिम्रो छाँया बनेर साथ दिईरहेको हुनेछु ।

यी दिनहरुमा हामीले धेरै कुराहरुको महसुस गर्न पाएका छौं ।

आफ्नाहरुको पराय ब्यबहार, तिरस्कार, अपहेलनालाई उर्जाको रुपमा लिनुपर्छ । उर्जा सकारात्मक नै हुन्छ ।

सकारात्मक सोच नै सफलताको कसी हो ।

सफल हुन संघर्ष गर्नैपर्छ । संघर्ष जीवनको सिक्काको एक पाटा हो । संघर्ष भएनभने जीवन पूर्ण हुदैन पनि ।

यही संघर्षलाई सहर्ष स्वीकर गर्नै पर्छ ।

समयको चक्र र गतीलाई बदल्न हामीले सक्दैनौं । समयको चक्रमा हामी निरन्तर नथाकी, नआत्तिई यात्रा गर्नुपर्छ, अवश्य लक्ष्यमा पुगिन्छ ।

बिगतलाई सम्झने, बर्तमनमा मेहनत गर्ने र भविस्यमा सफलहुने नै जीवन हो ।

यो जीवन यात्रामा आउने हरेक चुनौतीहरुलाई स्वीकर गर्नै पर्छ । यो यात्राम बिचलित हुनुहुन्न । सगरमाथा झैं अडिग हुनुपर्छ ।

तिमी मेरो हौसला र प्रेरणाको खानी हौ ।

म तिम्रो माया, साथ र हौसला र प्रेरणाको डाईहर्ट फ्यान हूँ ।

मैले देखेका सपनामा तिमीले सजाएको हरेक सपनाका फूल फुलाउन हर कोसिस गर्नेछु।

संगै देखिएका सपनाहरु पुरा गर्ने हिम्मत भगवानले हामीलाई प्रदान गरुन् ।

तिम्रो हरेक अवस्था र परिस्थितिमा म संगै रहनेछु धेरै माया र सम्झना मेरो जीवनसाथी । पुन: प्रणय दिवसको शुभकामना, डियर मनोज !

## प्रविधिसँगै यसरी मनाउनुहोस् भ्यालेन्टाइन्स डे

प्रणय दिवस अर्थात् भ्यालेन्टाइन्स डे । प्रेमी-प्रेमिकाको विशेष पर्व । युगल जोडीलाई झनै जोड्ने पुल बनिरहेको प्रविधिले तपाईंको यो विशेष समयलाई थप यादगार बनाउन सक्छ । यसै सन्दर्भमा प्रविधिसँगै कसरी भ्यालेन्टाइन्स डे मनाउन सकिन्छ भन्ने विषयमा चर्चा गर्दैछौं:

**अनलाइन मार्फत कुराकानी**

प्रविधिले भ्यालेन्टाइन्स डेमा पारेको सबैभन्दा ठूलो प्रभाव कुराकानीमा हो । इन्टरनेटको प्रयोग व्यापक हुनुअघि आफू उपस्थित नभइ प्रेम व्यक्त गर्ने माध्यम चिठीपत्र थिए । जसै सञ्चारका आधुनिक माध्यम अस्तित्वमा आए, प्रेम व्यक्त गर्ने शैली फेरिए ।

यसको उदाहरण विभिन्न सामाजिक सञ्जाल हुन् । अहिले आफ्नो प्रेमीसँग कुराकानी गर्ने सबैभन्दा सजिलो माध्यम नै सामाजिक सञ्जाल बनेको छ । चाहे त्यो टेक्स्ट होस्, भोइस मेसेज होस् अथवा भिडिओ कल । अथवा पोस्ट नै किन नहोस् । आफूले माया गर`को मान्छेसँग कुराकानी गर्ने सरल, सुरक्षित र सजिलो माध्यम सामाजिक सञ्जाल भएको छ ।

अझ मोबाइल फोनमार्फत आफ्नो प्रेमसँग लामो कुराकानी गरेको याद तपाईंको ताजै हुन सक्छ । इन्टरनेटका कारण नै 'लङ डिस्ट्यान्स रिलेसनशिप' सम्भव भएको छ । अझ विकासको चरणमा नै रहेको भर्चुअल रियालिटी प्रविधिले भ्यालेन्टाइन्स डे मनाउने शैली परिवर्तन गरिरहेको छ । भर्चुअल रूपमा सँगै चलचित्र हेर्ने, गीत सुन्ने जस्ता गतिविधि गरेर जोडीहरूले रोमान्टिक समय बिताउन सक्छन् ।

**ई-कमर्स र अनलाइन शपिङ**

प्रविधिले भ्यालेन्टाइन्स डेलाई प्रभाव पारेको अर्को तरिका हो- ई-कमर्स, अनलाइन शपिङ । ई-कमर्स वेबसाइट र मोबाइल एपहरूको उदयसँगै प्रियजनका लागि उपहार किन्न सजिलो भएको छ ।

चाहे त्यो फूलको गुच्छा होस्, चकलेटको बाकस होस् अथवा गरगहना । घर बाहिर नगइकनै आफ्नो मायालुका लागि उपहार खरिद गर्न सक्नुहुन्छ । प्रणय दिवस सम्बन्धी सामग्रीहरू पसलमा गएर किन्न नसक्नेहरूका लागि यो सुविधा पनि हो ।

यही सुविधालाई थप विस्तार गर्न अनलाइन शपिङ प्लेटफर्महरूले विभिन्न उपहारहरू राख्ने गरेका छन् । जसमा अधिक पाटोलाई पनि खुकुलो बनाउन उनीहरूले विभिन्न छुट ल्याइरहेका हुन्छन् ।

**प्रविधि सम्बन्धी सामग्री उपहार**

प्रविधिले भ्यालेन्टाइन्स डेलाई प्रभाव पार्ने मात्र नभएर यसमा दिइने उपहारहरूमा समेत स्थान बनाइरहेको छ ।

अहिलेको समयमा आफ्नो मायालुलाई फोन, स्मार्टवाच, इयरबड जस्ता उपहार दिनु सामान्य भइसकेको छ । सम्बन्धलाई रोमान्टिक बनाउने, तर व्यवहारिक उपहारहरू दिने प्रयास गर्नुहोस् ।

**भर्चुअल अनुभव**

पछिल्ला केही वर्षयता भर्चुअल अनुभव निकै बढेको छ । र यसबाट भ्यालेन्टाइन्स डे पनि अछुतो छैन । चाहे यो भर्चुअल कुकिङ क्लास होस् वा भर्चुअल एस्केप रुम, तपाईंले घरमै बसेर नौठो र यादगार अनुभवहरूको आनन्द आफ्नो प्रेमसँग लिन सक्नुहुन्छ । अहिले भर्चुअल अनुभवलाई रोमाञ्चक बनाउने विभिन्न तरिकाहरू विकास भएका छन् ।

अन्त्यमा...

यदि तपाईं पनि भ्यालेन्टाइन्स डेको अवसर मा रु आफ्नो प्रेम कथामा प्रविधि घुसाउन चाहनुहुन्छ भने थुप्रै क्षेत्र छन् । भर्चुअल रियालिटीमार्फत प्रेम पत्र पठाउने काम होस् या स्मार्ट स्पिकरमा रोमान्टिक प्लेलिस्ट शेयर गर्ने होस्, प्रविधिले तपाईंको प्रेम सम्बन्धलाई अझ विशेष अवश्य बनाउने छ । र, यसका लागि अरू धेरै तरिकाहरू छन् ।

सम्झनु पर्ने एउटा कुरा, प्रविधि र वास्तविक जीवनबीच सन्तुलन कायम गर्न सिक्नुहोस् । प्रविधिले एक-अर्काबीच जोडिन, सम्पर्कमा रहिरहन सजिलो बनाएको छ । तर व्यक्तिगत अन्तरक्रिया र प्रत्यक्ष भेटघाटका लागि समय निकाल्नु पनि उत्तिकै महत्वपूर्ण छ ।

# हेटौंडा ४०० केभी सबस्टेसन निर्माण एक महिनाभित्र सक्ने लक्ष्य

साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ देशभित्रको विद्युत प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण गर्न हेटौंडा उपमहानगरपालिका-११ थानाभन्याङमा निर्माणाधीन सबस्टेसनको काम अन्तिम चरणमा पुगेको छ ।

हेटौंडा सबस्टेसनमा ४००/२२० केभी, २२०/१३२ केभी र १३२/११ केभी सबस्टेसन निर्माणाधीन छन् । एक महिनाभित्र निर्माण सक्ने गरी सञ्चालन (चार्ज) गर्ने लक्ष्यसाथ सबस्टेसनका उपकरण जडान, परीक्षणलगायत अन्तिम चरणका काम भइरहेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । सबस्टेसनमार्फत् राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत् प्रवाह अतिरिक्त स्थानीयरुपमा आपूर्ति समेत गरिने जनाइएको छ । यसबाट त्यस क्षेत्रको विद्युत् आपूर्ति पर्याप्त, भरपर्दो र गुणस्तरीय हुनेछ ।

निर्माण अनुगमनमा पुगेका प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले पछिल्लो समय सबस्टेसनको काम सन्तोषजनक देखिएको बताए । कार्यकारी निर्देशक घिसिङले निर्माणमा संलग्न आयोजना व्यवस्थापन र निर्माण व्यवसायीसँग छलफल गरेका थिए । घिसिङले एक महिनाभित्र सबस्टेसन सञ्चालनमा ल्याउने गरी बाँकी काम सम्पन्न गर्न निर्देशन दिए । सरकार र विद्युत् प्राधिकरणको लगानीमा हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी सबस्टेसन विस्तार आयोजनाअन्तर्गत निर्माणाधीन ४००/२२० केभी हेटौंडा सबस्टेसनमा ३१५ एमभीए क्षमताका तीन थान पावर ट्रान्सफर्मर छन् । जसको क्षमता ९४५ एमभीए छ ।

धनुषा ढल्केबर र अमेरिकी सहायता परियोजना 'मिलेनियम च्यालेन्ज कर्पोरेसन' (एमसीसी) बाट प्राप्त हुने अनुदानबाट नुवाकोट रातमाटेमा निर्माण हुने ४०० केभीको डबल सर्किट प्रसारणलाइन हेटौंडा सबस्टेसनमा ल्याएर जोडिने छ । यसका लागि हेटौंडा सबस्टेसनमा आवश्यक पूर्वाधार निर्माण गरिएको छ । आयोजनाअन्तर्गत नै ढल्केबर र इनरुवामा ४००/२२० केभीका सबस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा आइसकेका छन् । हेटौंडा र इनरुवा सबस्टेसन निर्माणका लागि पुस २०७५ मा ठेक्का सम्झौता भएको थियो ।

देशभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीच विद्युत् व्यापारका लागि निर्माणाधीन हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी डबल सर्किट प्रसारण लाइन आयोजना अन्तर्गत् हेटौंडा २२०/१३२ केभी सबस्टेसन निर्माण गरिएको हो । सबस्टेसनमा १६०/१६० एमभीएका दुइटा पावर ट्रान्सफर्मर छन् । ठेकेदार कम्पनीको कार्यसम्पादन सन्तोषजनक नभएपछि ठेक्का तोडी बाँकी काम गर्न पुस २०७५ मा नयाँ ठेक्का सम्झौता गरिएको थियो ।

आयोजनाअन्तर्गत नै धनुषा र इनरुवामा २२० केभी सबस्टेसन निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेका छन् । आयोजना सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा सुरु गरिएको हो । हेटौंडा-भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत १३२/११ केभी हेटौंडा सबस्टेसन निर्माण गरिएको हो । यो सबस्टेसनबाट स्थानीयरुपमा विद्युत् आपूर्ति गरिने छ । सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा आयोजना सुरु गरिएको हो ।

# सहीद पाख्रिनको सालिकमा माल्यार्पण

साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ नेकपा माओवादी केन्द्र मकवानपुरगढी गाउँ कमिटीले 'जनयुद्ध' को २९ औं वार्षिकोत्सव मनाएको छ । मंगलबार गाउँपालिका-४ रुद्र स्मृति पार्कमा रहेको जनयुद्धका सहीद रुद्र पाख्रिनको सालिकमा माल्यार्पण गरिएको हो ।

नेकपा माओवादी केन्द्र वागमती प्रदेश उपाध्यक्ष तथा वागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी छिन्तुको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नागरिकको अधिकार, मुक्ति, स्वतन्त्रता र पहिचानका लागि जनयुद्ध थालिएको स्मरण गर्दै जसले जनयुद्ध गरे ती सबैको साझा दिवस जनयुद्ध दिवस भएको उनले बताए । जनयुद्ध दिवसलाई सामन्तबाहेक सबैलाई राष्ट्रिय उत्सव र गौरवका दिनका रुपमा मनाउन अपिल गरे ।

पहिचान पनि सबैलाई ठीक हुने, अधिकार पनि सबैलाई ठीक हुने, जनयुद्धको जगबाट उठेर आएको संघीय लोकतान्त्रिक गणतन्त्र पनि सबैलाई मान्य हुने तर दिवस चाहिं नमनाउनु न्यायोचित नभएको उनले बताए । 'जसका कारण हामी संघीय लोकतान्त्रिक गणतन्त्रमा उपस्थित भइरहेका छौं । यो पनि एउटा लडाईं हो । हामी निरन्तर लडिराखौं, सत्यको जीत हुन्छ भन्ने कुरासाथ आआफ्नो ठाउँबाट आवाज उठाऔं,' छिन्तुले आग्रह गरे । गणतन्त्रबादीलाई एकै ठाउँमा राखेर अगाडि बढ्ने गरी पार्टीले विधान अधिवेशन गरिरहेको भन्दै उपाध्यक्ष छिन्तुले गणतन्त्रबादीलाई एकहुन नदिने, सरकारले गरेको काममा षडयन्त्र भइरहेको भन्दै त्यसलाइ चिर्दै सत्यको पक्षमा सबै लाग्नुपर्ने बताए । नेकपा माओवादी केन्द्र गाउँकमिटी अध्यक्ष राजकुमार खड्काको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, नेकपा माओवादी केन्द्र जिल्ला सचिव भीम पाखिन, अखिल नेपाल शिक्षक संगठन केन्द्रीय सदस्य गोकुल लम्साल लगायतको उपस्थिति थियो ।

# दुई विद्यालयमा अध्यक्षसहित विज्ञशिक्षकको अनुगमन



साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ मकवानपुरगढी गाउँपालिका-७, कार्कीडाँडामा रहेको बुद्धधर्म आधारभूत विद्यालय र सुकौरामा रहेको जनता माविको सोमबार शैक्षिक अनुगमन गरिएको छ ।

विषय विज्ञसहितको टोली लिएर पुगेका पालिकाअध्यक्ष दोर्जे लामास्याङ्तानले शैक्षिक गतिविधिको प्रत्यक्ष अनुगमन गरी विद्यालयमा कार्यरत् शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग अन्तर्क्रियाका साथै कक्षाअवलोकन एवम् पृष्ठपोषण दिएका हुन् । अनुगमनका क्रममा भएको अन्तर्क्रियामा पालिका अध्यक्ष स्याङ्तानले विद्यालयको शैक्षिकस्तर वृद्धिका लागि प्रयास गरौं भन्ने उद्देश्यले शैक्षिक अनुगमन गरिएको बताए ।

बिगतका अनुगमन प्रभावकारी नभएकाले विषयविज्ञसहित गरिने अनुगमनले शिक्षण सिकाइमा पनि सुधार आउनुका साथै शिक्षकमा ज्ञान हस्तान्तरण गर्न मद्दत पुग्ने उनले बताए । अनुगमनलाई एक शैक्षिक सत्रमा ३ पटक गर्ने लक्ष्य लिइएको अध्यक्ष स्याङ्तानले शैक्षिक गुणस्तरवृद्धिका लागि गाउँपालिकाले अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने जानकारी दिए । मकवानपुरगढीको शिक्षा सुधारमा स्थानीय सरकार विशेष कार्यक्रम बनाएर अघि बढ्ने बताउँदै उनले शैक्षिक सुधारमा योगदान पुर्‍याउने शिक्षकलाई प्रोत्साहन कार्यक्रम ल्याइने बताए ।

कार्यक्रममा पालिका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र कार्कीले आफूले जानेका नयाँ कुरा तथा ज्ञानसीपलाई बालबालिकामा हस्तान्तरण गर्न शिक्षकलाई सुझाव दिए । बिगतको शिक्षा प्रकृति र हालको शिक्षा प्रकृति फरक रहेकाले आफूलाई समयअनुसार परिवर्तन गर्दै लैजान उनले शिक्षकलाई सुझाव दिए । विद्यालय नआउने बालबालिकालाई जनप्रतिनिधिले विद्यालय ल्याउन विशेष भूमिका खेल्नुपर्ने भन्दै उनले बालबालिकाको भविष्य र पालिकाको शिक्षासुधारको नीतिलाई यसले सहयोग गर्नेमा आशावादी रहेको बताए ।

कार्यक्रममा विद्यालयका शिक्षकले विज्ञशिक्षकबाट नयाँ कुरा सिक्न पाएकोमा खुशी व्यक्त गरेका थिए । केही शिक्षकले विद्यालयमा राजनीति हुन नहुने, शैक्षिक गुणस्तरका लागि तालिम र आवश्यक संरचना तयार हुनुपर्ने बताएका थिए । विद्यालय व्यवस्थापन समिति अध्यक्ष झलक लामा र जनता मावि अध्यक्ष प्रतिमान रुम्बाले विद्यालयको अबस्था समस्या र शैक्षिक गुणस्तरका लागि पालिकाबाट गर्नुपर्ने सहयोगको विषयमा भनाइ राखेका थिए ।

# स्वास्थ्य कार्यालय र आयुर्वेद केन्द्रमा मन्त्री जोशीको अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/बागमती प्रदेशका स्वास्थ्य मन्त्री उत्तम जोशीले नागरिकको असन्तुष्टि र गुनासोलाई सम्बोधन गर्ने गरी काम गर्न कर्मचारीलाई निर्देशन दिएका छन् । उनले सेवा प्रवाहको गुणस्तर कायम गरी व्यवस्थित रुपमा काम गर्न कर्मचारीलाई आग्रह गरेका हुन् ।

मंगलबार जिल्ला स्वास्थ्य कार्यालय मकवानपुर र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको स्थलगत अनुगमन गर्दै मन्त्री जोशीले पछिल्लो समय स्वास्थ्य सेवाप्रति नागरिकको गुनासो क्रमश: बढ्दै गएकाले त्यसको सही रुपमा समाधानमा जुट्न जरुरी रहेको बताए । प्रदेश सरकारले स्वास्थ्य क्षेत्रमा रहेका समस्या हल गर्नेगरी नीतिगत सुधारको काम गर्ने प्रयत्न गरेकाले मतहतका निकायमा कार्यरत कर्मचारी जिम्मेवार बन्नुपर्ने उनको भनाई छ ।

उनले जिम्मेवार र जवाफदेही बनेर सेवाप्रवाहमा सरकारी संयन्त्रको मुख्य पिलरकारुपमा रहेको कर्मचारीले भूमिका खेल्नुपर्ने बताए । स्थायी सरकारको रुपमा रहेको कर्मचारी संयन्त्रले नागरिकसँगको सम्बन्ध बलियो बनाउन भूमिका खेल्नुपर्ने उनको भनाई छ । मन्त्रालयले लिएका योजना र मार्ग निर्देशनलाई आत्मसाथ गरेर अघि बढ्न उनले कर्मचारीलाई आग्रह गरे । मन्त्रालय नागरिकको स्वास्थ्य उपचारको विषयमा गम्भिर भएर सेवाप्रवाहलाई छिटोछरितो र सर्वसुलभ बनाउनेतर्फ अग्रसर भएको मन्त्री जोशीले बताए । मन्त्री जोशीले स्वास्थ्य कार्यालयमार्फत स्थानीय तहसँगको समन्वय र मन्त्रालयको योजना तथा कार्यक्रम कार्यान्वयनमा भूमिका खेल्न निर्देशन गरेका थिए ।

मन्त्रालयबाट नागरिकको स्वास्थ्य उपचारसम्बन्धी संवैधानीक अधिकार सुनिश्चितता गर्न अस्पतालका शैया नि:शुल्क गर्ने, विभिन्न जाँच तथा सेवामा छुट तथा असहाय विरामीका लागि नि:शल्क उपचारको व्यवस्था मिलाइएको उनले बताए । पछिल्लो समय नागरिकको रुचि आयुर्वेदीक उपचारतर्फ बढ्दो क्रममा रहेकाले सोको व्यवस्थापनमा सरकारले थप योजना निर्माण गर्ने मन्त्री जोशीले बताए । उनले नागरिकको सहजताका लागि मन्त्रालय मातहतका निकायमा आवश्यक दरवन्दी स्वीकृत गरी प्रदेश लोकसेवा आयोगबाट पदपूर्तिको चरणमा रहेको बताए ।

अनुगमनका क्रममा आयुर्वेदीक स्वास्थ्य केन्द्रमा भेटिएका सेवाग्राहीसँग समेत मन्त्री जोशीले अन्तरक्रिया गरेका थिए । सेवाग्राहीले आयुर्वेदीक सेवा केन्द्रको उपचार पद्दति राम्रो रहेको बताएका थिए । केन्द्रको भौतिक संरचना साँघुरो र अव्यवस्थित रहेकाले उचित व्यवस्थापन मिलाउन सेवाग्राहीले माग गरेका थिए ।


## ड्राइभिङ सिक्ने तयारीमा हुनुहुन्छ ?

### अब निराश नहुनुहोस्...


हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ प्रशिक्षण दिइन्छ ।



**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**के. के. ड्राइभिङ प्रशिक्षण केन्द्र**
**हेटौंडा-५, पिप्ले, मकवानपुर**
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९



## हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

## सुदिन प्याकेजिङ्ग उद्योग

हेटौंडा-४, मकवानपुर

९८४५२६२५२२, ९८५५०७२६२३